सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



बर्दिवासका किशोरीहरुको लागि दोस्रो चरणको ब्युटिसियन तालिम। पेज २ मा

♦ वर्ष ८ ♦ अंक १६२ ♦ २०८१ साल माघ ८ गते मंगलवार ♦ 21 Jan 2025 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## धनुषामा पेस्तोल सहित दुई पक्राउ



**विजयकुमार साह**

**माघ ७ गते, ढल्केवर**

धनुषामा सशस्त्र प्रहरीले पेस्तोल सहित दुई जनालाई पक्राउ गरेका छन् । धनौजी गाउँपालिका-४, भडरियाबाट एक जना भारतीय नागरिकसहित दुई जनालाई पक्राउ गरिएको जनाइएको छ ।

सशस्त्र प्रहरी बल धनुषाका सशस्त्र प्रहरी उपरीक्षक दर्शन गिरीका अनुसार धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-८, सीतानगरका २४ वर्षीय तेजेशकुमार महतो र भारतको मधुवनी जिल्लाको सिलानाथ बरही ग्राम पञ्चायत-५ का २१ वर्षीय रुपेशकुमार यादवलाई पेस्तोलसहित पक्राउ गरिएको छ ।

बिओपी धनौजीको सशस्त्र प्रहरी निरीक्षक रविन्द्र दाहाल नेतृत्वको टोलीले जाँच गर्ने क्रममा उनीहरूको साथबाट ९ एमएम बाउनिङ् पेस्तोल बरामद गरेको बताइएको छ। उनीहरूको साथबाट एक थान म्यागजिन र पेस्तोलमा प्रयोग हुने एक राउन्ड गोलीसमेत बरामद भएको सशस्त्र प्रहरी उपरीक्षक गिरीले बताउनुभयो ।

पक्राउ परेका दुवै जनालाई थप अनसन्धान तथा कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय धनुषाको जिम्मा लगाइएको उहाँले जानकारी दिनुभयो ।

## त्रिवि स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) को निर्वाचन चैत ५ गते

**खबर दर्पण समाचारदाता**

**माघ ७ गते, बर्दिवास**

त्रिभुवन विश्वविद्यालय (त्रिवि) स्वतन्त्र विद्यार्थी युनियन ( स्ववियु) को निर्वाचन आगामी चैत ५ गते गर्ने सहमति भएको छ ।

त्रिविका शिक्षाध्यक्ष डा खड्ग केसीको अध्यक्षतामा आज बसेको विद्यार्थी कल्याण परिषद्को बैठकले उक्त निर्णय गरेको परिषद्का सदस्य सचिव पशुपति अधिकारीले जानकारी दिए।

यसअघि त्रिविको शैक्षिक क्यालेन्डरमा स्ववियु निर्वाचन फागुन १५ गते गर्ने तोकिएको थियो । विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशकसमेत रहेका डा.केसीले कानुनी जटिलता आउने भएकाले अघिल्लो कार्यकालमा भएको समयमा नै स्ववियु निर्वाचन गर्ने निर्णय गरिएको बताए ।

'वर्तमान कार्यसमितिको दुई वर्षको कार्यकाल राखिएको छ । आगामी चैत ५ गते ठीक दुई वर्ष पुग्छ', उनले भने, 'कानुनी जलिटता नआओस् भनेर अघिल्लो पटक निर्वाचन भएको मितिमै निर्वाचन गर्न त्रिवि कार्यकारी परिषद्लाई सिफारिस गरिएको छ।'

यसअघि २०७९ चैत ५ गते स्ववियु निर्वाचन भएको थियो । प्रत्येक दुई दुई वर्षमा हुने स्ववियु निर्वाचन २०६५ सालदेखि नियमित रुपमा हुन सकेको

***बाँकी पृष्ठ ३ मा***

## मधेश प्रदेशमा माछा र दूधको उत्पादन बढ्यो



**खबर दर्पण समाचारदाता**

**माघ ७ गते, बर्दिवास**

मधेश प्रदेशमा आर्थिक वर्ष २०८०/८१ मा ४५ हजार पाँच सय ७१ मेट्रिक टन माछा उत्पादन भएको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक वर्ष २०८०/८१ को प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन (मधेश प्रदेश) अनुसार आव २०७९/८० को तुलनामा आव २०८०/८१ मा मधेश प्रदेशका आठ जिल्लामा माछाको उत्पादन पाँच दशमलव ०४ प्रतिशतले वृद्धि भएको हो ।

राष्ट्र बैंकका अनुसार आव २०७९/८० मा मधेश प्रदेशमा माछाको उत्पादन ४३ हजार तीन सय ८६ मेट्रिक टन थियो । मधेश प्रदेशमा भएको कुल माछा उत्पादनमा बारा जिल्लाको हिस्सा सबैभन्दा धेरै अर्थात् २२ दशमलव ४३ प्रतिशत छ। पर्सा जिल्लामा भएको माछा उत्पादनको हिस्सा सबैभन्दा कम सात दशमलव ९९ प्रतिशत छ।

पर्साको पकहाँमैनपुर गाउँपालिकामा व्यावसायिक ढङ्गले दीपेन्द्र माछापालन उद्योग सञ्चालन गर्दै आएका दीनानाथ साहले माछा उत्पादनमा वृद्धि भए पनि माछाको उचित बजार मूल्य नपाएको गुनासो गर्नुहुन्छ ।"विगतमा भारतबाटै माछाको आयात धेरै हुने गर्थ्यो। अहिले कम्तीमा पनि यहाँ माछाको उत्पादन बढिरहेको छ," उहाँले भन्नुभयो,"माछाको भुरा र माछापालन सम्बन्धित प्राविधिक ज्ञानको अभाव भने खड्किरहेको छ ।"


राष्ट्र बैंकको प्रतिवेदनले माछा उत्पादन मात्रै नभएर यस प्रदेशमा दूधजन्य पदार्थको उत्पादनमा वृद्धि भएको देखाएको छ। आव २०८०/८१ म मधेश प्रदेशमा दूधको उत्पादन एक दशमलव ९३ प्रतिशतले वृद्धि भई ६ लाख ५४ हजार एक सय २३ लिटर पुगेको छ । मधेश प्रदेशका आठ जिल्लामध्ये दूध उत्पादनको सबैभन्दा ठूलो हिस्सा भने सिरहा जिल्लाको छ। सो जिल्लाको हिस्सा २० दशमलव ४४ प्रतिशत छ भने सप्तरी जिल्लाको हिस्सा सबैभन्दा कम सात दशमलव ८३ प्रतिशत छ ।

त्यस्तै मधेश प्रदेशमा मासुको उत्पादन दुई दशमलव ९८ प्रतिशतले वृद्धि भई एक लाख ४३ हजार ६ सय ७० मेट्रिक टन पुगेको छ । मधेश प्रदेशमा अण्डाको उत्पादन पनि बढेको देखिन्छ। आव २०७९/८० को तुलनामा मधेश प्रदेशमा अण्डाको उत्पादन पनि दुई दशमलव ७९ प्रतिशतले वृद्धि भई १० करोड ६९ लाख ३९ हजार गोटा उत्पादन भएको छ ।रासस

शिरीष अफसेट प्रेस

बर्दिवास नगरपालिका-१ राष्ट्रिय वाणिज्य बैंक नजिकै), महोत्तरी


✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डाइरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

सम्पर्क नम्बरः ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१५८८९६८२

# बर्दिवासका किशोरीहरुको लागि दोस्रो चरणको ब्युटिसियन तालिम

**खबर दर्पण समाचारदाता**

**माघ ७ गते, बर्दिवास**

पिछाडी पारिएको समुदाय कि १५ किशोरीले दोस्रो चरणको ब्युटिसियन तालिम प्राप्त गर कि छिन। जिल्लाको बर्दिवास नगरपालिका १४ का विविध कारणले पछाडी पारिएको समुदायका किशोरीहरुको क्षमता अभिवृद्धि गर्न तथा उनीहरुलाई आफ्नै खुट्टामा उभ्याउन ग्रामिणमुखी युवा अभियान (ROYM-NEPAL) को आयोजना तथा AEIn को आर्थिक सहयोग तथा बर्दिवास नगर पालिकाले समन्वयमा दोस्रो चरणको ब्युटिसियन तालिम दिइएको हो।

पौष १५ गते देखि संचालन भएको सो तालिम माघ ५ गते समापन भएपछि वडाअध्यक्ष विजय महतोको प्रमुख आतिथ्यतामा समापन कार्यक्रम राखी दिक्षित किशोरीहरुलाई प्रमाणपत्र वितरण गरिएको हो। तालिमको समापन कार्यक्रममा प्रमाणपत्र दिदै वडाअध्यक्ष महतोले आफ्नो वडाको किशोरीहरु आत्मनिर्भर बन्ने प्रयासमा अझै एक पाइला अगाडी बढेको बताए। उनले तालिममा सिकेका गुणलाई जिवनमा उतार्दै राम्रो र दक्ष ब्युटिसियन बनेर आफ्नो र आफ्नो परिवारको परणपोषण गर्न सक्ने गरि अब्बल बन्न दिक्षित किशोरीहरुलाई निर्देशन दिए।

यता पिछ्डिपारिएका समुदायको सामाजिक तथा आर्थिक रुपान्तर का लागि सक्षम वातावरण सिर्जना गर्न ल्याएको रुपान्तरण कार्यक्रम अन्तर्गतको दोस्रो चरणको ब्युटिसियन तालिमले स्वरोजगार सृजना गर्ने भएकोले तालिममा सिकेका दक्षतालाई अझै अभ्यासबाट परिस्कृत गर्न प्रशिक्षक ममता भगतले बताइन। ब्युटुसियनको स्कोप अझै धेरै भएकोमा सिकेको गुणहरु आयआर्जनको लागि उपयोग गर्न सल्लाह दिईन।

यस्तै ROYM-NEPAL कि जिल्ला कार्यक्रम अधिकृत रंजु साहले पनि किशोरीहरुले पहिलो र दोस्रो चरणको ब्युटिसियन तालिम प्राप्त गरिसकेकोमा बधाई दिदै उज्जवल भविष्यको कामना गरिन। उनले किशोरीहरुलाई आत्म निर्भर बनाउन रुपान्तरण परियोजना मार्फत तालिमको आयोजना गरिएकोमा तालिम सफल भएको आफुहरुको बुझाई रहेको बताउदै आफुहरुको बुझाईलाई सत्य स्थापित गर्न किशोरीहरुले सफलको पाईला अगाडी बढाएर देखाउनु पर्ने बताईन। यता संस्थाकि सामाजिक परिचालिका दिपकामना मिश्रले समापन कार्यक्रमको उदघोषण गरेकि थिईन।

# जनकपुर साहित्य महोत्सव : विद्यालय स्तरीय प्रतियोगितामा टप फाइभ छनौट

**खबर दर्पण समाचारदाता**

**माघ ७ गते, महेन्द्रनगर**




जनकपुर साहित्य महोत्सवअन्तर्गत वक्तृत्वकला प्रतियोगिता भएको छ। सोमवार जनकपुरधाममा नव मिथिला फाउण्डेशनले गरेको प्रतियोगितामा २५ वटा विद्यालयका विद्यार्थीहरू सहभागी भए। यस प्रतियोगिताबाट उत्कृष्ट पाँच विद्यार्थी छनौट गरिएको छ। जसमा डेफोडिल्स पब्लिक इंग्लिश बोर्डिङ्ग स्कूलका सत्यम झा, ज्ञानदा इन्टरनेशनल बोर्डिङ्ग स्कूलका सिद्धि ठाकुर, साउथ प्वान्ट बोर्डिङ्ग स्कूलका राजनन्दनी यादव, एर्रे इन्टर नेशनल बोर्डिङ्ग स्कूलका अंशुका पाण्डेय र मिथिला मन्टेसरी बोर्डिङ्ग स्कूलका रितिका यादव छन्।

त्यस्तै, फाउण्डेशनले महोत्सवका लागि कवितावाचन, कथावाचन तथा चित्रकला विधामा पनि उत्कृष्ट विद्यार्थी छनौट गर्न लागेको छ। मंगलबार कवितावाचन र कथावाचन प्रतियोगिता हुनेछ। त्यसपछि बुधवार चित्रकला प्रतियोगिता हुने फाउण्डेशनका अध्यक्ष अमित साहले जानकारी दिनुभयो। यी सबै विधाका उत्कृष्ट विद्यार्थीहरूले माघ २४ गतेदेखि २६ गतेसम्म जनकपुर धाममा हुने जनकपुर साहित्य महोत्सवको छैटौं संस्करणमा सहभागिता जनाउने छन्।

# त्रिवि स्वतन्त्र विद्यार्थी ...

थिएन।

विसं २०६५ चैत ६ गते भएको स्ववियु निर्वाचन एकैपटक २०७३ चैत १५ गते भएको थियो। त्यसपछि २०७९ चैत ५ गते देशभरि नै केही क्याम्पसबाहेक सम्पन्न भएको थियो। त्यतिवेला नौ वटा आङ्गिक क्याम्पसमा निर्वाचन हुन सकेको थिएन।

स्ववियु निर्वाचन देशभरिका त्रिविका ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा हुनेछ। निर्वाचनका लागि २८ वर्षे उमेर हद र मिश्रित निर्वाचन प्रणालीको व्यवस्था गरिएको छ।

# भाग्य चक्र

**मेष** - मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। अपूरा कार्य पूर्ण हुनेछन्।

**वृष**- व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। धार्मिक यात्राको योग रहेको छ।

**मिथुन**-आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**सिंह** - सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** - लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ। सचेत एवं सावधान रहनु होला।

**धनु** - अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ। सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पत्ती जोर्न सकिन्छ।

**कुम्भ**- अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ।

**मीन** -खराव समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ,।

# आवश्यक टेलिफोन नम्बरहरू

## जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

## वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

## ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

## जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

## महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# सरस्वती पूजा नजिकिँदै गर्दा मूर्तिकारहरु मूर्ति बनाउन र सजाउन व्यस्त





**धर्वेन्द्र कुमार यादव यदुवंशी**

**माघ ७ गते, महोत्तरी**

सरस्वती पूजा नजिकिँदै जाँदा महोत्तरीका बजारमा मूर्तिकार र मूर्ति व्यवसायीहरूलाई मूर्ति बनाउन र सजाउन व्यस्त देखिएका छन् ।

माटोको मूर्ति बनाउने कुमालेहरू सरस्वती पूजाको अवसरमा सरस्वतीको मूर्ति बनाउन व्यस्त भएका हुन् । बसन्तपञ्मीको दिन विद्याकी देवीको रुपमा चिनिने सरस्वतीमाताको प्रतिमालाई सजाई पूजा गर्ने चलन छ ।

सरस्वती पूजा नजिकीए संगै कलाकार लाई भ्याइ नभ्याइ भएको हो । उनीहरुले यो समयमा मूर्तिबाट राम्रो आम्दानी लिने गरेका छन् ।महोत्तरीका शैक्षिक संस्था , टिउसन सेन्टर , निजी विधालय, कोचिङ्ग सेन्टर का विधार्थीहरुले दिएको अर्डर अनुसारको मूर्ति बनाउन र सजाउन साथै रंगरोगन गर्न यहाँका कारीगरहरु दिनरात मेहनत गर्दै खट्दै छन् ।

आजकाल महोत्तरीको औरही नगरपालिका २ फुलवरिया गाउँमा र एकडारा गाउँपालिका ५ बहेडा बजार चौक लगायतका स्थानमा कलकारहरु मूर्ति बनाउन व्यस्त देखिएका छन् । एउटा सरस्वतीको मूर्तिको २५ सयदेखि १५ हजार रुपैयाँसम्ममा विक्री गर्ने गरेको उनीहरूले बताएका छन् ।

सरस्वती पूजाको अवधिभरमा करीब १ लाखसम्मको आम्दानी गर्ने महोतरीको औरही नगर पालिकाका २ फुलवरियाका ६० वर्षीय मूर्तिकार दिनेश राम र सोहि ठाउँ बस्ने ४० वर्षीय कैलाश रामले बताए। अहिले बनाइएको र बुकिङ्ग भएको मूर्तिहरु लिन आउने ग्राहकको संख्या समेत बढेको र हाल सम्म दुई दर्जन भन्दा बढी मूर्ति तयार भईसकेको रामले बताए। बाँकी मूर्ति सजाउन अझ १० दिन लाग्ने बताएका छन् । भाग्यको कुरा छ, कुनै वर्ष सोचे भन्दा बढी आम्दानी हुन्छ । कुनै वर्ष त्यती फाईदा हुदैन रामले थपे । विशेषगरी दुर्गापूजा, विश्वकर्मापूजा, कृष्णजन्माष्टमी र सरस्वती पूजाको समयमा मूर्तिको माग हुने गरेको उनले जानकारी दिए । सरस्वती पूजा धार्मिक परम्परा भए पनि त्यसभित्र ठूलो व्यवसाय लुकेको मूर्तिकार बताउँछन् ।बर्सेनि माघ शुक्ल पञ्चमीमा मनाइने श्रीपञ्चमी विद्याकी अधिष्ठात्री देवी सरस्वतीको पूजा आराधना गरी माघ २१ गते सोमबार देशभर मनाईने भएको छ ।

वसन्त पञ्चमीमा सरस्वतीको पूजा गरे विद्या, बुद्धि बढ्ने विश्वास गरिन्छ। बालबालिकालाई सोही दिन अक्षरारम्भ गराउने चलन छ । चन्द्रमाजस्तो गोरो वर्णकी, हातमा वीणा र पुस्तक लिएकी देवी सरस्वतीलाई भारती, शारदा, हंसवाहिनी, जगन्माता, वागीश्वरी, कौमारी, वरदायिनी, बुद्धिधात्री, ब्रह्मचारिणी, चन्द्रघण्टा र भुवनेश्वरीजस्ता नामले पनि पुकारिन्छ । विद्या र सिर्जनाकी देवी भएकाले साहित्यकार, कलाकार, पत्रकार र विद्यार्थीले कलम, कापी, कुची र वाद्ययन्त्रलाई सरस्वतीका रूपमा पूजा गर्छन् भने तान्त्रिकहरू तन्त्र सिद्धिका लागि तारादेवीका रूपमा आराधना गर्छन् ।

सूर्य उत्तरतिर लागी दिन लामो हुने र वसन्त ऋतु प्रारम्भ हुने भएकाले यसलाई वसन्त पञ्चमी पनि भनिन्छ । ऋग्वेदमा वाग्देवीका नामले प्रसिद्धि पाएकी ब्रह्माकी अर्धांगिनी ब्रह्मायणीको उपासनाले ज्ञान, सिद्धि र सद्बुद्धि प्राप्त हुने भएकाले सरस्वती पूजाको ठूलो महत्व छ ।गान्धर्व पुराणमा आज सरस्वतीको पूजागरी विद्यारम्भ गरमा सर्वसिद्धि प्राप्त हुन्छ भन्ने उल्लेख छ ।

रामले भने अहिलेको समय परिस्थिति र मूर्ति बनाउने काम प्रति नयाँ पुस्ताको घट्दै गएको रुचिका कारण पुर्ख्यौली पेशा लोप हुँदै गइरहेको अवस्थामा स्थानीय सरकारले उनीहरुको सीपको जगेर्ना एवं संरक्षण गर्नुपर्ने आवश्यक्ता देखिएको छ ।


खाना पकाउने ग्याँस (एल.पी. ग्याँस) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी

नेपाल आयल निगम लि. को

अति आवश्यक जानकारी

एल.पी. ग्याँस अत्यन्तै प्रज्वलनशिल पेट्रोलियम पदार्थ भएकाले यसको प्रयोगमा पर्याप्त सतर्कता एवं् सावधानी अपनाउनु जरुरी हुन्छ । त्यसैले खाना पकाउने ग्याँसको चुहावटले हुने दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्तावर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ ।

दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरू :

१. सिलिण्डर ल्याउदा लैजादा नगुडाऔं । भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं । सुताएर, घोप्टाएर प्रयोग नगरौं ।
२. रेगुलेटर, रवर, पाइप, चुलोजस्ता उपकरणहरु गुणस्तर भएको मात्र प्रयोग गरौ । साथै हरेक दुई वर्षमा ग्याँसको पाइप फेरौ ।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।
४. खाना पकाउदा सधै झ्याल ढोका खुल्ला राखौं र सुतीको कपडा लगाएर मात्र खाना पकाउने गरौ ।

ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१. खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्याँस चुहिएको भन्ने बुझ्नु पर्दछ। ग्याँस लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौ ।
२. झ्याल ढोका खुल्ला राखौ र झिल्का निस्कने बस्तुहरु जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौ । विद्युतजन्य उपकरणको प्रयोग नगरौ ।
३. ग्याँस लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाई सिलिण्डरमा सेफ्टी क्याप लगाइ बाहिर खुल्ला स्थानमा राखौ र यथाशिघ्र नजिकको ग्याँस विक्रेता अथवा ग्याँस उद्योगमा सम्पर्क गरौ ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ता जनहितका लागि जारी

नेपाल आयल निगम लि.

केन्द्रीय कार्यालय, बबरमहल, काठमाडौं, नेपाल

०१-४२६३४८५, ४२६३४८१



शीतलहरबाट बच्ने उपायहरु:

- चिसो बढी भएको दिन वा समयमा सकभर बाहिर ननिस्कने ।
- चिसोबाट जोगिन शरीर ढाँक्ने र बाक्लो कपडा लगाउने ।
- पानी उमालेर मात्र पिउने, सकभर नुहाँउदा या अन्य प्रयोजनको लागि पनि तातोपानी प्रयोग गर्ने ।
- बालबालिका, गर्भवती महिला र बृद्धहरुलाई न्यानो कपडा लगाउन लगाउने र लगाउनको लागि प्रेरित गर्ने ।
- बस्ने कोठा न्यानो गराउने ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित स्तनपान गराई राख्ने।
- कुनै पनि मानिसलाई दम बढेमा, रुघाखोकी लागेमा, ज्वरो आएमा, निमोनियाका लक्षणहरु देखा परेमा, तुरुन्त आबश्यक उपचारको लागि स्वास्थ्य संस्थामा लैजान र जान सल्लाह दिने।
- धुम्रपान र मद्यपान सेवन नगर्ने र नगराउने ।
- ताजा खाना मात्र खाने साथै पोषण युक्त र झोलिलो खाने कुराहरु तातो छदै प्रशस्त खाने ।
- जाडोबाट बच्न बालेको आगो नजिक होसियार भएर बस्ने ।

औरही नगरपालिका

महोत्तरी

# बर्दीबासमा गुम्दै ट्रान्जिट प्वाइन्ट,२४० होटेलको लगानी जोखिममा

**खबर दर्पण समाचारदाता**

**माघ ७ गते, जनकपुरधाम**

कुनै वेला आन्तरिक तथा भारतलगायतका अन्य मुलुकका पर्यटकले गुल्जार हुने बर्दीबासमा अहिले पर्यटक घट्न थालेका छन्। पर्यटक कम हुन थालेपछि साना, मझौला र ठुला गरी दुई सय ४० होटेलको लगानी जोखिममा परेको छ। बर्दीबासमा पर्यटकलाई राम्रो खाना र वासस्थानको व्यवस्था भए पनि समय व्यतीत गर्न सक्ने ठाउँको अभाव हुँदा पर्यटक घट्दै गएको होटेल तथा पर्यटन व्यवसायी संघ महोत्तरीका अध्यक्ष गुञ्ज कार्कीले बताए। उनका अनुसार पर्यटक घट्न थालेसँगै तीनवटा ठुला होटेल व्यवसायी पलायन भइसकेका र थप चार बन्द हुने अवस्थामा छन्।

बर्दिबास मात्रै नभएर महोत्तरी भित्र नै पर्यटकले समय व्यतीत गर्न सक्ने स्थान नरहेको कार्कीको भनाइ छ। यहाँ विभिन्न धार्मिक तथा सांस्कृतिक महत्वका ठाउँ, गिद्ध वासस्थान वा खयरमारामा पर्ने चनौटे डाँडाको सुन्तला खेतीलगायत ठाउँमा पनि पर्यटक पुऱ्याउन सकिने भए पनि प्रचार प्रसार गर्न नसकिएको उनको भनाइ छ।

'देशको अर्थतन्त्र सबल बनाउन पर्यटन फस्टाउनुपर्छ। तर, अझै स्थानीय, प्रदेश वा केन्द्र सरकारकै पर्यटक भित्र्याउन कुनै ठोस कदम चालेको छैन', कार्कीले भने, 'महोत्तरीका सबै मुख्य स्थलमा पर्यटकको भिड नै खडा गर्न सक्ने सम्भावना छ'। ती सबै स्थल जोड्ने र प्रचारप्रसार गरी पर्यटक टिक्न सक्ने गरी स्थलहरू निर्माण भएका छैनन्, भएका स्थललाई पनि पर्यटकीय हिसाबले परिमार्जित नै गर्न सकिएको छैन। बर्दीबासको माथिल्लो क्षेत्रमा स्काई साइक्लिङ, बन्जी जम्प, जिपलाइन र अन्य साहसिक खेल व्यवस्थापन गर्न सकिने उनको भनाइ छ। यसका साथै सबै पर्यटकीय स्थलहरूमा पार्क उपयुक्तताका आधारमा मिनी चिडियाखानाहरू, अन्य घुम्ने ठाउँ, पोखरी र होमस्टेलगायतका व्यवस्थापनले समेत पर्यटकको संख्यामा वृद्धि हुने बताउँछन्।



वैदेशिक रोजगारी र अध्ययनकै लागि युवा विदेश जाँदा त्यसको प्रभाव होटेल क्षेत्रमा परेको छ। उनले भने, 'होटेलमा बस्ने र पर्यटकीय हिसाबले घुम्ने युवाहरू नै हुन्, तर उनीहरू नै नहुँदा आन्तरिक पर्यटनमा समेत प्रभाव परेको छ।' बर्दीबासमा रहेको थ्री स्टार होटेल नाव्या र सोहीसरहका अन्य होटेलहरू गौतम होटेल, विनायक होटेल, होटेल पावन, मिथिला होटेल, रेड क्राउन होटेल, होटेल रोयल सेन, होटेल गुञ्ज र बर्दीबास रिसोर्टलगायतका होटेलमा पाँच सयभन्दा बढी युवा रोजगारमा छन्। तर, पर्यटक घट्दै गएपछि उनीहरूको रोजगारी जोखिममा परेको छ।

काठमाडौंबाट निजगढ हुँदै बर्दीबास भएर पूर्व जाने फास्ट ट्र्याक निर्माणपछि यात्री सहजै र कम समयमै गणतव्यमा पुग्नेछन्। दूरी छोटो भएपछि यात्रीलाई बर्दीबासमा विश्राम गर्नुपर्ने बाध्यता हट्दै छ। त्यस्तै, कुनै वेला सिन्धुली, रामेछाप, ओखलढुंगा र सोलुसम्मका मानिसलाई पूर्व जानुपर्दा बर्दीबास हुँदै जानुपर्थ्यो। तर, अब भिमानबाटै धरान-चतरा (मदन भण्डारी राजमार्ग) सडक निर्माणले उताका यात्रीसमेतलाई बर्दीबास आइरहनुपर्ने बाध्यता हटेको छ। जसले गर्दा होटेल व्यवसायमा थप प्रभाव परेको छ।

'बर्दीबासले आफ्नो ट्रान्जिट प्वाइन्ट गुमाउँदै गएकाले अब तिनै यात्रीको आसमा यहाँको व्यापार-व्यवसाय चल्ने अवस्था हराउनेछ'।


## सूचना ! सूचना !! सूचना !!!

समाज वचत तथा ऋण सहकारी संस्थाको संचालक समितीको २०८१।०९।०७ को निर्णय अनुसार यस संस्थाको २२ औं साधारण सभा तपशिलको मिति,समय र स्थानमा हुने भएकोले यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्यलाई उपस्थितीको लागि अनुरोध गरिन्छ । यस संस्थाले आफ्नो शेयर सदस्यलाई पत्रीका, सामाजीक संजाल र रेडियो मार्फत सुचना दिईएको हुँदा यसै सुचनालाई आधार मानी सम्पूर्ण शेयर सदस्य महानुभावहरुलाई उपस्थितीको लागि अनुरोध गरिन्छ

**तपशील**

मिति : २०८१।१०।१३ आइतवार

समय : ११ बजे देखी

स्थान : IRDS, समाज सहकारी अस्पतालको प्राङ्गणमा

**गीता अधिकारी**

अध्यक्ष

समाज वचत तथा ऋण सहकारी संस्था

**बर्दिबास -०१, महोत्तरी**

सम्पर्क नम्बर : ९८१९८१४४३६,९८४४०५२६३८

**शुभ स्वस्तिक हस्पिटल प्रा. लि.**
**बर्दिवास मेडिकल हल**
**स्वस्तीक मेडिको प्रा. लि.**

**बर्दिवास, महोत्तरी**

**सम्पर्क नं. ०४४-५५०२५५, ९८४४०१५६१६**

**बर्दिवासमा पहिलो CT SCAN सेवा**




## प्रशिक्षार्थी आवश्यकता सम्बन्धी सूचना

प्रथम पटक प्रकाशन २०८१।१०।०७गते

सामूदायिक विकास तथा पैरवी मञ्च नेपाल, बर्दिबास ०१, महोत्तरी र सेभ द चिल्ड्रेनको साझेदारीमा संञ्चालित समुन्नती कार्यक्रम अन्तर्गत **असमानता र सामाजिक विभेदमा परेका दलित परिवारका युवायुवतीलाई परियोजनासँग सम्बन्धित विषयहरु शिक्षा, स्वास्थ्य, बाल संरक्षणसंग वा जिविकोपार्जन क्षेत्र** मा आफ्नो क्षमता बृद्धि गर्नका लागि योग्यता पुगेका बर्दिबास नगरपालिका र गौशाला नगरपालिकाको स्थानिय दलितहरु (सदा वा अन्य दलित) बाट दरखास्त आव्हानको लागी यो सुचना प्रकाशन गरिएको छ ।

पद : प्रशिक्षार्थी : २ जना (शिक्षा, स्वास्थ्य, बाल संरक्षणसंग वा जिविकोपार्जन क्षेत्र)

पद : स्वयमसेवक : केही (शिक्षा, स्वास्थ्य, बाल संरक्षणसंग वा जिविकोपार्जन क्षेत्र)

**योग्यता तथा अनुभव :**

- कम्तिमा १८ वर्ष पूरा वर्ष भएको नेपाली नगरिक,
- कम्तिमा एस.ई.ई. वा सो सरह पास भएको । १० + २ लाई ग्राहयता दिइने ।
- बर्दिबास न.पा. र गौशाला नगरपालिकाको स्थायी दलित बासिन्दा ।
- वेरोजगार र सम्बन्धित लक्षित दलित समुदायको ।

**आवश्यक कागजातहरु :** शैक्षिक योग्यताको प्रमाण पत्रहरुको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, कम्तिमा २ जना सन्दर्भ व्यक्ति (Reference) हरुको नाम र सम्पर्क नम्बर सहितको हस्त लिखित निवेदन (आवश्यक सहयोगः आवेदन लेख्न सम्बन्धित वडामा रहेका सामूदायिक विकास तथा पैरबी मञ्च नेपालका सामुदायिक परिचालक वा अन्य कर्मचारीको सहयोग लिन सकिने छ ।)

नोट : प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरुलाई मात्र मौखिक प्रक्रियामा समावेश गराइने छ । संस्थाको पदपुर्ति समितिको निर्णय नै अन्तिम निर्णय हुनेछ । प्रशिक्षार्थी भर्ना सम्बन्धमा कसैको पक्षमा कुनै प्रकारको हस्तक्षेप वा दबाव आएमा उक्त व्यक्तिले पठाएको आवेदन स्वतः अमान्य हुनेछ ।

दरखास्त दिने अन्तिम मिति : २०८१।१०।१४ गते गते साँझ ५:०० बजे सम्म ।

थप जानकारी तथा आवेदन दिने ठेगाना :

(सम्बन्धित नगरपालिकाका फिल्ड एसोसियटहरु मार्फत पनि निवेदन पठाउन सकिने छ ।)

सामुदायिक विकास तथा पैरवी मञ्च नेपाल

बर्दिबास नगरपालिका, गौरीडाँडा- ३, परियोजना कार्यालय

फोन नं.: ९८४४४२३९८५, ९८११७३६८२९

इमेल : official@cdafn.org.np


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,